# गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः१० संख्याः ३ मिति : २०८३/०२/२६

भाग–२

## गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा १ बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि ऐन (नियमित गर्ने), २०७६ को दफा ४ बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०८३।०२।२६ मा जारी गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०८३ सालको नियम नं.३

# अध्यक्ष कप तथा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा लगातार तीन पटक उत्कृष्ट हुने विद्यालयलाई पुरस्कार ब्यवस्थापन सम्बन्धी कार्यविधि,२०८३

# अध्यक्ष कप तथा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा लगातार तीन पटक उत्कृष्ट हुने विद्यालयलाई पुरस्कार ब्यवस्थापन सम्बन्धी कार्यविधि,२०८३

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०२।२६

**प्रस्तावना**

गेरुवा गाउँपालिका अन्तर्गतका सम्पुर्ण विद्यालयहरुमा विद्यालय स्तरीय खेलकुद कार्यक्रमलाई प्रोत्साहन गर्न र खेलाडीमा हौसला, उत्प्रेणा प्रदान गरी समग्र विद्यालयको खेलकुद क्षेत्रको प्रर्वद्धन र विकासमा टेवा पुर्याउने र विद्यालयस्तरीय खेलकुदका गतिविधिहरुलाइ निरन्तरता दिने उदेश्यले गेरुवा गाउँपालिकामा सञ्चालन हुने अध्यक्ष कप तथा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा लगातार तीन पटक उत्कृष्ट हुने विद्यालयहरुलाई विद्यालयको मेहनत,योगदानको उच्च कदर र मूल्याङ्कन गर्दै विद्यालयलाइ प्रोत्साहन एवम् पुरस्कृत गर्न वाञ्छनीय भएकोले गेरूवा गाउँपालिकाको प्रशासकीय कार्यविधि ऐन २०७६ को दफा ४ ले दिएको अधिकार बमोजिम गेरूवा गाउँ कार्यपालिकाको मिति २०८३/०२/२६ गतेको निर्णय बमोजिम यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "**अध्यक्ष कप तथा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा लगातार तीन पटक उत्कृष्ट हुने विद्यालयलाई पुरस्कार ब्यवस्थापन सम्बन्धी कार्यविधि,२०८३**" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "गाउँपालिका" भन्नाले गेरूवा गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले गेरूवा गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले गेरुवा गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "प्रतियोगिता "भन्नाले अध्यक्ष कप तथा राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता सम्झनु पर्दछ।

(ङ) "लगातार तीन पटक विजेता" भन्नाले रनिङ शिल्ड खेलकुद प्रतियोगितामा लगातार तीन संस्करण वा तीन वर्षसम्म प्रतियोगितामा निरन्तर प्रथम स्थान प्राप्त गर्ने भन्ने सम्झनु पर्दछ।

(च) "शिक्षा शाखा" भन्नाले गेरूवा गाउँ कार्यपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ।

(छ) "शिक्षा समिति" भन्नाले गेरूवा गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्छ।

(ज) "स्वीकृत बजेट" भन्नाले गाउँपालिकाको गाउँ सभाबाट हरेक आर्थिक बर्षका लागि विनियोजित बजेट सम्झनु पर्छ ।

(झ) "विद्यालय "भन्नाले गेरुवा गाउँपालिकाभित्र सञ्चालनमा रहेका सम्पुर्ण सामुदायिक तथा संस्थागत विद्यालय सम्झनु पर्दछ।

(ञ) "माध्यामिक विद्यालय " भन्नाले माध्यमिक तह कक्षा १२ सम्म सञ्चालन भएका विद्यालय सम्झनु पर्दछ।

(ट) "आधाभुत विद्यालय " भन्नाले आधारभूत तह कक्षा ८ सम्म सञ्चालन भएका विद्यालय सम्झनु पर्दछ।

(ठ) "प्राथमिक विद्यालय " भन्नाले प्राथमिक तह कक्षा ५ सम्म सञ्चालन भएका विद्यालय सम्झनु पर्दछ।

## परिच्छेद–२
## उदेश्य

### ३. उद्देश्य

यो कार्यविधि निर्माण गर्नुका मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन।

क) रनिङशिल्ड प्रतियोगिता तथा खेलकुद क्षेत्रमा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालयलाई प्रोत्साहन गर्ने।

ख) विद्यालयस्तरीय खेलकुद गतिविधिलाई निरन्तरता दिइ संस्थागत तथा प्रभावकारी बनाउने।

ग) विद्यार्थीहरूमा अनुशासन, नेतृत्व, सहकार्य र प्रतिस्पर्धात्मक भावना विकास गर्ने।

घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादनका लागि विद्यालयलाई प्रेरित गर्ने।

ङ) विद्यालयमा आवश्यक पर्ने खेल सम्बन्धी संरचना निर्माण, खेल पूर्वाधार विकास र खेलकुद सामग्री व्यवस्थापनमा सहयोग पुर्याउन।

## परिच्छेद–३
## पुरस्कार सम्बन्धी ब्यवस्था

### ४. पुरस्कार रकम

गेरुवा गाउँपालिकाले **राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७७(संशोधन सहित)** को अनुसूची ४ मा उल्लेखित खेल विधाहरु समावेश गराइ अध्यक्षकप तथा रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्नेछ। रनिङशिल्ड प्रतियोगितामा समावेश भएका सम्पुर्ण खेल विधा तथा खेल इभेन्टसहरु (व्यक्तिगत तथा सामुहिक प्रतिष्पर्धा तर्फ) को सम्रगमा क्रमश स्वर्ण, रजत र कास्य पदक विजेता संख्याको आधारमा सर्वोत्कृष्ट एवम प्रथम स्थान हासिल गर्ने विद्यालयको छनोट प्रतियोगिता आयोजक सचिवालय समितिको निर्णय बमोजिम हुनेछ । तर पुरस्कार रकम प्रासिका लागि **राष्ट्रपति रनिङ**

**शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिकाको** अनुसूची ४ मा उल्लेखित खेल विधाहरु बाहेक अन्य खेलविधामा विद्यालयले प्राप्त गरेको कुनै ऐच्छिक खेल पदकको संख्या गणना हुनेछैन। यसरी गाउँपालिकाले सञ्चालन गरेको अध्यक्षकप तथा रनिङ शिल्ड प्रतियोगितामा समावेश गरिएको खेल विधा तथा इभेन्टसमा प्रथम स्थान हासिल गरी लगातार तीन पटकसम्म रनिङशिल्ड प्रतियोगिता प्रथम/विजयी भएको विद्यालयले देहाय बमोजिमको एकमुष्ट पुरस्कार रकम पाउनेछ ।

**क) माध्यमिक विद्यालय तर्फ (कक्षा ९-१२):** लगातार तीन पटक समग्र विजयी (Overall Champion) हुने माध्यामिक विद्यालयलाई एकमुष्ट नगद पुरस्कार रकम **रु. ५,००,०००/- (अक्षेरुपी पाँच लाख रुपैयाँ)**, प्रमाणपत्र र रनिङ शिल्ड प्रदान गरिनेछ।

**ख) आधारभूत विद्यालय तर्फ (कक्षा ६-८):** लगातार तीन पटक समग्र विजयी (Overall Champion) हुने आधारभुत विद्यालयलाई एकमुष्ट नगद पुरस्कार रकम **रु. ३,००,०००/- (अक्षेरुपी तीन लाख रुपैयाँ)**प्रमाणपत्र र रनिङ शिल्ड प्रदान गरिनेछ।

**ग) प्राथामिक विद्यालय तर्फ (कक्षा १-५):** लगातार तीन पटक समग्र विजयी (Overall Champion) हुने प्राथामिक विद्यालयलाई एकमुष्ट नगद पुरस्कार रकम **रु. १,००,०००/- (अक्षेरुपी एक लाख रुपैयाँ)** प्रमाणपत्र र रनिङ शिल्ड प्रदान गरिनेछ।

**५. पुरस्कार प्राप्त गर्ने आधार**

यो कार्यविधि बमोजिम पुरस्कार प्राप्त गर्न विद्यालयले देहायका शर्तहरु पूरा गरेको हुनुपर्नेछ।

क) विद्यालयले प्रतियोगितामा निरन्तर सहभागिता जनाएको हुनुपर्ने।

ख) विद्यालयले प्रतियोगितामा लगातार तीन वर्ष प्रथम स्थान हासिल गरेको हुनुपर्ने।

ग) प्रतियोगितामा तहगत रुपमा समावेश गरिएको खेल विधा र विद्यालयले प्राप्त गरेको आधिकारिक नतिजा विवरण सार्वजनिक भएको हुनुपर्ने ।

घ) विद्यालयले खेलकुद क्षेत्रको विकास र पुरस्कार रकम उपयोग सम्बन्धी कार्ययोजना पेश गरेको हुनुपर्ने।

## परिच्छेद–४
## पुरस्कार रकम निकासा प्रक्रिया

**६. पुरस्कार रकम निकासा**

(१) विजयी विद्यालयले खेलकुद प्रतियोगिताको प्रमाणित नतिजा विवरण संलग्न गरी ब्यवस्थापन समितिको निर्णय सहित गाउँपालिकाको शिक्षा शाखामा आवश्यक कागजातहरु संलग्न गरेर पुरस्कार रकम माग गर्नुपर्नेछ ।

(२) विद्यालयबाट प्राप्त कागजातहरु र सचिवालयको निर्णयको प्रतिलिपि सहितको अन्तिम नतिजा विवरणलाई शिक्षा शाखाले रुजु गरी गाउँपालिकाको शिक्षा समितिमा पेश गर्नेछ ।

(३) शिक्षा समितिमा पेश भइ आएको प्रमाणित नतिजा विवरणका आधारमा प्रतियोगितामा लगातार तीन पटक उत्कृष्ट भएको विद्यालय यकीन गरेर शिक्षा समितिले पुरस्कार रकम प्रदान गर्ने निर्णय गर्नेछ ।

(४) शिक्षा समितिको निर्णय बमोजिम गाउँपालिका कार्यालयले विद्यालयसँग सम्झौता गरी विद्यालयको आधिकारिक बैंक खाता मार्फत नगद पुरस्कार रकम प्रदान गर्नेछ।

(५) गाउँपालिका कार्यालयले विद्यालयलाइ निकासा गरेको पुरस्कार रकमबाट विद्यालयले पेश गरेको खर्च विवरण अनुसार गाँउ कार्यपालिकाको निर्णयबाट खर्च अनुमोदन गराउनुपर्नेछ ।

## परिच्छेद–५

## पुरस्कार रकम खर्च गर्ने सम्बन्धी व्यवस्था

### ७. पुरस्कार रकम खर्च गर्ने क्षेत्र

(१) विद्यालयले गाउँपालिका कार्यालयबाट प्राप्त गरेको पुरस्कार रकम देहायका क्षेत्रमा खर्च गर्न पाउनेछ।

क) खेलकुद सामग्री खरिद

ख) खेल प्रशिक्षण कार्यक्रम

ग) खेलाडी प्रोत्साहन

घ) खेलकुद प्रशिक्षक व्यवस्थापन

ङ) विद्यार्थी खेल प्रतिभा पहिचान एवम प्रस्फुटनका कार्यक्रम

च) खेलकुद संरचना निर्माण

(२) विद्यालयले प्राप्त पुरस्कार रकम विद्यालयको सञ्चित कोषमा जम्मा गरी खेलकुद क्षेत्रमा मात्र खर्च गर्नुपर्नेछ ।

(३) पुरस्कार प्राप्त विद्यालयले पुरस्कार रकम पाएको मितिले कम्तिमा १ महिनाभित्र खर्च विवरण सहित कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजातहरु संलग्न गरी गाउँपालिका कार्यालयमा खर्च अनुमोदनका लागि फाइल पेश गर्नुपर्नेछ।

## परिच्छेद–७
## विविध

**८. बजेटको व्यवस्था**

यो कार्यविधि बमोजिम विद्यालयलाइ प्रदान गर्ने पुरस्कार रकम गाउँपालिकाको स्वीकृत बजेट तथा कार्यक्रममा गाउँ सभाले विनियोजन गर्नेछ।

**९. बाधा अड्काउ फुकाउ**

यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा उत्पन्न भएमा त्यसको निर्णय गर्ने अन्तिम अधिकार गाउँ कार्यपालिकामा हुनेछ।

**१०. संशोधन**

यो कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन एवम परिमार्जन गर्न सक्नेछ।

आज्ञाले
बस बहादुर राना
प्रमुख प्रशसाकीय अधिकृत